महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७

कुम्मायक गाँउपालिका
पाँचथर



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

कुम्मायक गाउँपालिका
दर्ता नं.:
दर्ता मिति:

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)
प्रदेश नं.१ र २

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या: २०७६/७७

च.नं : ५८३

मिति: २०७७/३/२६

श्री अध्यक्षज्यू,
कुम्मायक गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
यासोक, पाँचथर ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

....
(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np
Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

Phone: 4258174
4266034
4255707
A.G. Fax: 977-1-4268309
Fax: 977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च. नं. ९८०

मिति: २०७७।३।१७

श्री अध्यक्षज्यू,
कुम्मायक गाउँपालिका,
यासोक, पाँचथर ।

विषय :– लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १ करोड ७ लाख ५ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४ लाख २३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १८ लाख २३ हजार र नियमित गर्नुपर्ने रु. ८४ लाख ५९ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १५ (पन्ध्र) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनवमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

Scanned with CamScanner

कुम्मायक गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय :– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न कुम्मायक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । १ नं. प्रदेशको पाँचथर जिल्लामा रहेको कुम्मायक गाउँपालिकाको क्षेत्रफल १२९.३० वर्ग किलोमिटर, जनसंख्या १५,८५४ र वडा संख्या ५ रहेको छ ।

स्थानीय सञ्चित कोष :– आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोषको आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

आय

सि. नं.	विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		२३९२११९१.२१
	क) मुल खाता	२०९५८४२०.२१	
	ख) कल्याण कोष	८८७४८.००	
	ग) धरौटी	२६४४८५.००	
	घ) विपद व्यवस्थापन कोष	२६०९५३८.००	
	मर्मत संभार कोष	०	
२	राजश्व आन्तरिक आय		४७१०१५२८.३९
	क) आन्तरिक राजश्व		
	आन्तरिक आय	३४४६२४३.५६	
	घर जग्गा रजिष्ट्रेशन दस्तुर	१२१९६६.००	
	ख) राजश्वबाँडफाँड		
	संघ	४१८३६६५०.३४	
	पदेश	१६७६४४६.४९	
	ग) अन्य आय		
	गत आ.व.को पे.फ.बाट	२०२२२.००	
३	वित्तिय हस्तान्तरण		१८५८८६८८१.००
	वित्तीय समानीकरण अनुदान	७१३००००.००	
	सशर्त अनुदान	११४५८६८८१.००	
	समपुरक अनुदान	०.००	
	विशेष कोष	०.००	
४	प्रदेश सरकारबाट अनुदान		२४८६७०००.००
	वित्तीय समानीकरण अनुदान	३३१२०००.००	
	सशर्त अनुदान	१६५०००००.००	
	समपुरक अनुदान	०.००	
	विशेष कोष अनुदान		
	–प्रदेश निर्वाचन क्षेत्र पुर्वाधार विकास	३५०००००.००	
	–खडेरी राहत अनुदान	१५५५०००.००	
५	बन्तर स्थानीय तहबाट	०.००	०.००
६	वित्तिय व्यवस्था प्राप्त		०.००
	क) ऋण प्राप्त	०.००	
	ख) सांवा प्राप्त	०.००	
	क) व्याज प्राप्त	०.००	
	क) अन्य प्राप्त	०.००	
७	विभिन्न कोष तर्फको आय		३४१२५९०.००
	मर्मत संभार कोष	०.००	
	विपद व्यवस्थापन	२५१२५९०.००	
	कल्याण कोष	९०००००.००	
८	जनसहभागीता रकम	०.००	०.००
९	विषयगत निकायबाट प्राप्त रकम		३५०९००००.००
	वहुक्षेत्रिय पोषण कार्यक्रम	१२४६०००.००	
	प्रदेश तथा स्थानीय तह क्षमता वि.	३०५०००.००	
	ज्येष्ठ नागरिक दिर्घसेवा सम्मान	२७५३५०००.००	
	प्रधानमन्त्री रोजगार कार्यक्रम	२५०४०००.००	
	स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम	३५०००००.००	
१०	धरौटी	७४६३१४.००	७४६३१४.००
११	लगानीको साँवा फिर्ता	०.००	०.००
१२	अन्य विविध आय		
१३	अर्थ बजेट		१०७३९३७.२०
	संचित विदा	४४१६१९.२	
	औषधी उपचार	६३२३१८.००	

व्यय

सि. नं.	विवरण	रकम	रकम
१	चालु खर्च		१७६५५९०४१.८०
	क) वित्तिय समानीकरण (संघ,पदेश) र आन्तरिक श्रोत		
	चालु खर्च	२३५९२१२४.९३	
	कोष टान्सफर खर्च		
	कर्मचारी कल्याण कोष	९०००००	
	प्रकोप व्यावस्थापन कोष	२००००००	
	ख) सशर्त अनुदान		
	सशर्त पशु	१०६०६१०.००	
	सशर्त कृषि	२५६६४६७.००	
	सशर्त समाज कल्याण	६६०००.००	
	सशर्त बालकल्याण	०.००	
	सशर्त वातावरणिय सरसफाई	२५००००.००	
	सशर्त सामुदायिक तथा कबुलियती वन	१०००००.००	
	सशर्त शिक्षा	९०१५३५०४.६७	
	सशर्त स्वास्थ्य	१४०९०८८१.००	
	सशर्त उर्जा	११९१९४९९.००	
	सशर्त महिला	५८०१६३.००	
	सशर्त खेलकुद विकास कार्यक्रम	१०००००.००	
	ग) विषयगत निकाय		
	ज्येष्ठ नागरिक दिर्घसेवा सम्मान	२६४४९२००.००	
	पदेश तथा स्थानीय तह क्षमता वि.	३०५०००.००	
	वहुक्षेत्रिय पोषण कार्यक्रम	१२४६०००.००	
	स्थानीय पुर्वाधार विकास साझेदारी	३५०००००.००	
	प्रधानमन्त्री रोजगार कार्यक्रम	२२७८६६३.००	
	घ.प्रदेश सरकार अनुदान खर्च		
	निर्वाचन क्षेत्र विकास पदेश	३५०००००.००	
	खडेरी राहत	१५५५०००.००	
	घ) अर्थ वजेट		
	अर्थ वजेट सचित विदा	४४१६१९.२०	
	औषधि उपचार	६३२३१८.००	
२	पुजीगत खर्च		१२८०२७८५०.०
	क) वित्तिय समानीकरण (संघ,पदेश) र आन्तरिक श्रोत		
	गापा पुजीगत	८०८८८३३२.००	
	वडा पुजीगत	३०६८०१६५.००	
	सशत प्रदेश	१६४५९३५३.००	
३	कोष खर्च		३६५९८५२.०
	मर्मत संभार कोष	०.००	
	विपद व्यवस्थापन	२७५२१५५.००	
	कल्याण कोष	९०७६९७.००	
४	धरौटी फिर्ता खर्च	२९८४८५.००	२९८४८५.००
५	संघीय र पदेश संचित कोष फिर्ता खर्च		५७७९५४०.३३
	प्रधानमन्त्री रोजगार कार्यक्रम	२२५३३७.००	
	सशर्त अनुदान	४४२७७५६.३३	
	ज्येष्ठ नागरिक दिर्घसेवा सम्मान	१०८५८००.००	
	पदेश सशर्त	४०६४७.००	
६	गत आ.व.को बेरुजु दाखिला खर्च सामाजिक सुरक्षा, सशर्त स्वास्थ्यको बचत रकम, आयकर,बहालकर र सामाजिक सुरक्षा कर	४९५५५२.००	४९५५५२.००
७	अन्तिम मौज्दात		७२७९११२.६७
	क) स्थानीय संचित कोष खाता	४११५७७४.६७	
	ख) धरौटी खाता	७१२३१४.००	
	ग) कोष खाता	०.००	

Scanned with CamScanner

					आकस्मिक कोष	०.००	
					मर्मत संभार कोष	०.००	
					विपद व्यवस्थापन	२३६९९७३.००	
					कल्याण कोष	८१०५१.००	
					मर्मत संभार कोष	०.००	
	जम्मा	३२२०९९४४१.८०	३२२०९९४४१.८०		जम्मा	३२२०९९४४१.८०	३२२०९९४४१.८०

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१.	**मौज्दात** :– आर्थिक वर्षको अन्तमा श्रेस्तानुसार र बैंक मौज्दात एउटै हुनुपर्दछ । यो आर्थिक वर्षको अन्तमा श्रेस्तानुसार रु. ७२,७९,११२।६७ बाँकी रहेकोमा बैंक स्टेटमेण्ट अनुसार रु. ५,१७,८२,८९२।४४ मौज्दात देखिएकोले रु. ४,४५,०३,७७९।७७ बैंक मौज्दात बढी देखिएको छ । कार्यालयले बैंक हिसाब विवरण तयार गरी हिसाब मिलान गर्नुपर्दछ ।	
१.१	**बैंक हिसाब विवरण** :– कार्यालयले आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार बाँकी र बैंकअनुसार बाँकी रकम फरक परेमा म.ले.प.फा.नं. १५ बैंक हिसाब मिलान विवरण तयार गरी हिसाब मिलान गर्नुपर्दछ । कार्यालयले बैंक हिसाब मिलान विवरण तयार गरेको छैन । अत: बैङ्क हिसाब विवरण तयार गरी मिलान गर्नुपर्दछ ।	
१.२	**कारोबारको लेखा** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०(२) बमोजिम कारोबारको लेखा स्वीकृत ढाँचाका राख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले बैक नगदी किताब राखेपनि पेश्की फछ्र्यौट गर्दा बजेट खर्च महलमा पेश्की घटाई फछ्र्यौट महलमा पोष्टिङ नगरेको र विविध महलको क्रेडिटमा रहेको दायित्वलगायतका रकमको गोश्वरा भौचर उठाई डेबिट गरेको छैन । दायित्व कट्टी रकम बैंक दाखिला भौचर भएपनि बैक नगदीमा पोष्टिङ नगरेको र प्रत्येक महिना जोडजम्मा नगरेको एवं आषाढ मसान्तमा बैंक नगदी किताब कुल जोड जम्मा एवं सन्तुलन परीक्षण गरी प्रमाणितसमेत गरेको देखिएन । अत: प्रचलित एवं स्वीकृत ढाँचामा लेखा राख्नुपर्दछ ।	
२.	**आर्थिक विवरण** :– गाउँपालिकाले दोहोरो श्रेस्ता प्रणालीको प्रोदभावी (एक्रुअल) सिद्धान्तमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ । सोअनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थितिसमेत मुल्यांकन गर्न सकिने अवस्था रहेको छैन ।	
३.	**आन्तरिक नियन्त्रण कार्यविधि** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (१) मा स्थानीय तहले निकायवाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । उपदफा २ मा कामको प्रकृतिअनुरुप नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान तथा जोखिम नियन्त्रणका उपायहरुसहितको आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयले सो अनुसारको आन्तरिक नियन्त्रण कार्यविधि तयार गरेको देखिएन । नियमानुसारको कार्यविधि तयार गरी लागू गर्नुपर्दछ ।	
४.	**कार्यक्रमगत खर्च खाता** :– स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यालयद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि के कति बजेटको व्यवस्था भई कुन कुन समयमा सञ्चालन गरिनु पर्ने हो र त्यस्ता कार्यक्रमहरु सञ्चालन भएको अभिलेख देखिने गरी कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन । कार्यक्रमगत खर्च खाता राखेमा कार्यालयद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुको वार्षिक बजेट, सञ्चालन हुने समय, सोको खर्च सजिलै यकिन हुने र कार्यक्रम बजेटको अवधारणाअनुसार स्वीकृत बजेटभन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारिता र उपलब्धि मापनसमेत सजिलै यकिन हुने हुँदा उक्त अभिलेख राख्नुपर्ने देखिएको छ ।	
५.	**बजेट पेश गर्ने तथा पारित गर्ने** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाको नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट २०७५।३।३१ गते पारित भएको छ ।	
६.	**खर्च गर्ने अख्तियारी र कार्यविधि** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई	

Scanned with CamScanner

कार्यक्रम र बजेटसहित प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ। सभाबाट बजेट मिति २०७५।३।३१ मा स्वीकृत भएकोमा सात दिनभित्र अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी मिति २०७५।४।४ मा प्रदान गरेको देखिन्छ।

७. **बजेट अवण्डा राखेको** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको सभाबाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ। गाउँसभाबाट २०७५।७६ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी कार्यक्रम तथा शीर्षकहरुमा एकमुष्ठरुपमा रु. १ करोड १ लाख बजेट व्यवस्था गरेको छ। सभाबाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा सभाबाट नियममा तोकिएबमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनुपर्दछ।

सि. नं.	कार्यक्रम वा आयोजना	अवण्डा रकम
१	सामुदायीक विद्यालय व्यवस्थापन	४५,००,०००/-
२	बहुक्षेत्रीय पोषण कार्यक्रम	११,००,०००/-
३	महिला लक्षित कार्यक्रम	१०,००,०००/-
४	दलित लक्षित कार्यक्रम	१०,००,०००/-
५	आदिवासी लक्षित कार्यक्रम	१५,००,०००/-
६	आयआर्जन कार्यक्रम	१०,००,०००/-
	जम्मा	१,०१,००,०००/-

८. **योजना खण्डिकरण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (७) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। त्यस्तै स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको सभाबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नहुने व्यवस्था छ। गाउँसभाबाट २०७५।७६ को लागि स्वीकृत बजेट तथा कार्यक्रमभन्दा फरक योजनामा कार्यपालिकाको बैठकबाट निर्णय गरी बजेट बाँडफाँड गरी खर्च गरेको पाईयो। गाउँसभाबाट योजनागत बजेट बाँडफाँड गरेकोभन्दा फरक योजनामा कार्यपालिकाको पटके निर्णय गरी खर्च गरेको नियमसंगत देखिन आएन। यसरी खर्च गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा गाउँसभाबाट नियममा तोकिएबमोजिम आयोजनागत बजेट बाँडफाँड भएअनुसार खर्च गरिनुपर्दछ। गाउँसभाबाट पारित योजना र बजेटलाई कार्यपालिकाको निर्णयको आधारमा खण्डीकरण गरी सभाले पारित नगरेका योजनामा खर्च भएको छ। योजनाको प्राथमिकीकरण तथा योजना छनौटका ७ चरणलाई अनुशरण नगर्दा माग भई आएका योजनामा लगानी अपुग हुने अवस्था सिर्जना हुन्छ। अतः कार्यपालिकाको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने प्रवृत्तिको अन्त्य गरिनुपर्दछ।

९. **चालु प्रकृतिको खर्च** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा पूँजीगत रकमबाट चालु प्रकृतिका तलब, भत्ता, सवारी साधन मर्मत सम्भार र ईन्धन र चन्दा पुरस्कार दिन नपाइने व्यवस्था छ। पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमामात्र खर्च गर्नुपर्नेमा सभाले नियम विपरीत चालु प्रकृतिका कार्यमा रु. २३ लाख ३ हजार बजेट विनियोजन गरी खर्च लेखेकोले नियमसम्मत देखिएन। तसर्थ तोकिएबमोजिम पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा खर्च पूँजीगत खर्च गर्नुपर्दछ।

सि. नं.	कार्यक्रमको नाम	रकम
१.	सामुदायीक मेलमिलाप समिति अभिमुखिकरण तथा तालिम	५,००,०००/-
२.	भैपरी आउने कोष व्यवस्थापन	१,००,०००/-
३.	उत्कृष्ट विद्यालय सम्मान कार्यक्रम	४०,०००/-
४.	उत्कृष्ट छात्र छात्रा पुरस्कार	५०,०००/-
५.	प्रतिभा प्रवर्द्धन तथा सम्मान कार्यक्रम	१,००,०००/-
६.	महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन	६,४८,०००/-
७.	बहुभाषिक सास्कृतिक एवं सास्कृतिक संगोष्ठी	५०,०००/-
८.	सार्वजनिक सुनुवाई तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम	५,००,०००/-
९.	गरिवी निवारण परिचारिका परिचालन	३,१५,०००/-
	जम्मा	२३,०३,०००/-

१०. **यातायात गुरु योजना** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २८(५) मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय निकायलगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवम् अद्यावधिक विवरण (रोड ईन्भेन्ट्री) तयार गरी राख्नुपर्ने र सडक निर्माण गर्दा यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यातायात गुरुयोजना तयार गरेको देखिएन भने यातायात गुरु योजना बिना नै यस वर्ष सञ्चालन गरेका योजनाहरुमध्ये ९५ प्रतिशत योजनाहरु सडक निर्माण तथा योजना सञ्चालन गरेको

Scanned with CamScanner

छ । यातायात गुरु योजना तयार गरी गुरुयोजनामा परेका सडकलाई प्राथमिकता दिई सडक योजना निर्माण तथा सञ्चालन गर्न ध्यान दिनुपर्दछ ।

११. **योजना छनौट** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. ११ (२) मा आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट गाउँपालिकाले दुई लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था गरेको छ । कार्यविधिको पालना गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ । कार्यविधिको पालना नगरी योजना छनौट तथा कार्यान्वयन गरेका केही उदाहरणहरु निम्न अनुसार छन् ।

सि. नं.	योजनाको नाम	विनियोजित रकम
१.	मदन आश्रीत चौतारा पेटी निर्माण र रंगरोगन कार्य	१,५०,०००/-
२.	माङ्गजाबुङ्ग खोप केन्द्र रंगरोगन कार्य	१,००,०००/-
३.	यासोक प्रहरी चौकी व्यवस्थापन	५०,०००/-
४.	सिमाली खानेपानी मर्मत	७५,०००/-
५.	मिश्रटोल डाँडागाउँ मोटरबाटो निर्माण	१,००,०००/-
६.	चन्द्रोदय चिसापानी मोटरबाटो निर्माण	१,००,०००/-
७.	मदन आश्रीत थापागाउँ मोटरबाटो निर्माण	१,००,०००/-
८.	सामुदायीक भवन शौचालय निर्माण	५०,०००/-
९.	जनकल्याण आधारभुत विद्यालय झ्याल ढोका मर्मत	५०,०००/-
१०.	सामुदायीक अध्ययन केन्द्र पुस्तक खरिद	२५,०००/-

१२. **खरिद गुरुयोजना** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम (१) मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक रु. दश करोडभन्दा बढी रकमको खरिद गर्दा सोही नियमको उपनियम (२) मा उल्लेखित कुरा खुलाई खरिद गुरुयोजना तयार गरी सम्बन्धित मन्त्रालयको सचिवबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट सञ्चालित अधिकांश योजनाहरुको निर्माण अवधि एक वर्षभन्दा बढी रहेकोमा नियमावलीको उपर्युक्त प्रावधानअनुसार खरिद गुरुयोजना तयार गरी स्वीकृत भएको देखिएन । बहुवर्षीय ठेक्काहरुको व्यवस्थापन गर्दा खरिद गुरुयोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३. **वार्षिक खरिद योजना** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक रु. दश लाखभन्दा बढी रकमको खरिद, निर्माण तथा परामर्श सेवा प्राप्त गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गरिने वार्षिक खरिद योजना तयार गर्नुपर्ने र त्यसरी खरिद योजना तयार गर्दा नियम ७ बमोजिमको खरिद गुरु योजना समेत तयार भएको भएमा सो योजनाको समेत आधार लिनुपर्ने र सार्वजनिक निकायको प्रमुखले चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप यो नियमबमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने र नियम ८.६ अनुसार तालुक कायालयले खरिद कारबाही निधारित समयमा सम्पन्न भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा नियममा उल्लेख भएअनुसार यो वर्ष पुँजीगत खर्च रु. १२,८०,२७,८५०।०० गरेको र उक्त कार्यको तालुक कार्यालयबाट अनुगमन गरेको पनि देखिएन । उपरोक्त व्यवस्था पालना नगर्नाले खरिद कार्यमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र पारदर्शीताको पक्ष सबल हुन नसक्ने देखिन्छ ।

१४. **ऐन नियम परिपालना तथा आन्तरिक नियन्त्रण पद्धति** :– सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा निकासा तथा खर्च गर्ने लेखा राख्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, लेखापरीक्षण बेरुजु फछ्र्यौट तथा असुल तहसिल गर्ने गराउने आदि आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन आर्थिक कार्यविधि ऐन, नियमको पूर्णरुपमा परिपालना हुनुपर्दछ। त्यस्तै आफ्नो उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिम न्यूनीकरणका लागि योजना तयार गर्नुपर्दछ । ऐन नियमको परिपालना नगरेको तथा आन्तरिक नियन्त्रण प्रणाली सवल नबनाएका व्यहोराहरु देहाय अनुसार छन् :–

१४.१ **जोखिम पहिचान** :– सम्भावित जोखिमहरु पहिचान गरी जोखिम निराकरणका लागि प्रयत्न गरेको अभिलेखबाट देखिएन । जोखिम पहिचान गरी निराकरणका उपायहरु अवलम्बन गर्नुपर्दछ ।

१४.२ **नागरिक वडापत्र** :– सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्र कार्यालय परिसरभित्र सबैले देख्ने ठाँउमा राख्नुपर्नेमा सो अनुसार राखेको देखिएन । साथै सूचना अधिकारी तोक्नु पर्ने, कार्यालय गतिविधि वेभसाइटमा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको देखिएन ।

१४.३ **कार्य विवरण** :– निजामती सेवा ऐन २०४९ को दफा ५क को उपदफा (१) मा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । स्पष्ट कार्यविवरणको अभावमा कर्मचारीको काम कर्तव्य र उत्तरदायित्व स्पष्ट नभइ सम्पादन गर्ने काममा कठिनाइ हुने हुँदा ऐनमा व्यवस्था भए अनुसार कार्यविवरण बनाई लागु गर्नुपर्दछ ।

१४.४ **कार्यालयको निरीक्षण** :– सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४० (१) मा

तालुक कार्यालयले आफुमातहत रहेको कार्यालयहरुको अनुगमन तथा निरीक्षण गरेको / गराएको देखिएन। सेवा प्रवाहमा प्रभावकारिता ल्याउन समय समयमा अनुगमन तथा निरीक्षण हुनुपर्दछ।

१४.५ **भ्रमण प्रतिवेदन** :– भ्रमणमा खटिएका कर्मचारीहरुले भ्रमण प्रतिवेदन पेश गर्ने गरेको पाईएन। तोकिएबमोजिम भ्रमण प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नुपर्दछ।

१४.६ **स्थानीय भत्ता** :– भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रवधान छ। कार्यालयले कर्मचारीहरुलाई दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन। दैनिक भत्ता उभयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ।

१४.७ **कर भुक्तानीको जानकारी** :– मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई मासिक रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सोअनुरुप समयमै जानकारी दिएको पाइएन।

१४.८ **ई. टि. डि. एस.** :– आयकर ऐन, २०५८ अनुसार कट्टा गरिएको कर रकम आन्तरिक राजस्व कार्यालयको ई. टि. डि. एस. सिष्टममा पोष्टिङ्ग गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको देखिन आएन। तसर्थ कट्टा गरिएको कर रकम आन्तरिक राजस्व कार्यालयको ई. टि. डि. एस. सिष्टममा पोष्टिङ्ग गर्न ध्यान दिनुपर्दछ।

१५. **श्रोत अनुमान तथा बजेट सीमा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ। समिति गठन भएतापनि ऐनले तोकि दिएअनुसारको कार्य पूर्णरुपले गरेको देखिन आएन।

१६. **बजेट तथा कार्यक्रम तर्जुमा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ। योजना प्राथमिकिकरण तथा कार्यक्रम तर्जुमा गर्दा अन्य विषयगत कार्यालयहरुसंग आपसी तादम्यता गरेको देखिन आएन।

१७. **स्थानीय तथ्यांक र अभिलेख** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिमे आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिन आएन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ। तथ्यांकबेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी देखिन्छ।

१८. **लक्ष्य प्रगतिको स्थिति** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ। सञ्चालित जिल्लास्तरीय तथा केन्द्रीय प्रशासकीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची - २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। सञ्चालन गरेका सबै योजनाहरुको नियमले तोकिदिए अनुसारको ढाँचामा प्रगति विवरण तयार गरी पेश गर्नुपर्दछ।

१९. **राजस्व कारोबारको लेखा** :– प्रत्येक कार्यालयले राजस्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्दछ। कार्यालयले राजस्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखी राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलिपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो। असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ। आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।

२०. **वित्तीय जवाफदेहिता पालना** :– अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ। गाउँपालिकाले उपरोक्तअनुसारको वित्तीय जवाफदेहिता पालना गरी निकासा दिने र आम्दानी खर्च गर्नुपर्दछ।

Scanned with CamScanner

२१. **बक्यौता रकम असुली** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ। उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तशुल्क, कर दस्तुरको वडागत लागत तयार नगरेबाट बक्यौता देखिनसक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोहीअनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाब तयार गर्नेतर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।

२२. **राजस्व अभिलेख** :– राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णयदेखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट गाउँपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । राजस्वको अभिलेख अद्यावधिक गरी आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।

२३. **सम्पत्ति हस्तान्तरण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविक गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले साविक गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृतिअनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

२४. **बरबुझारथ** :– मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेस्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२५. **श्रोत नक्सांकन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोतअन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधारअर्न्तगत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्सांकन गाउँपालिकले तयार गर्नुपर्नेमा सो तयार गरेको देखिएन । गाउँपालिकाले ऐनले तोकेअनुसारको श्रोत नक्सा तयार गर्नुपर्दछ ।

२६. **उपभोक्ता समिति** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने, भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानुनले तोकेका कार्य गरेको देखिएन ।

२७. **कल्याण कोष** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचारलगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्थाअनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाअन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना गरेतापनि ऐनले व्यवस्था गरेबमोजिमको दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्थाको पालना गरिनुपर्दछ ।

२८. **लक्षित समूह खर्च** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. १२ (७) अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समुहको पुँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालिकाले गोष्ठी सभा सम्मेलनजस्ता कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनुपर्दछ ।

Scanned with CamScanner

२९. **आन्तरिक आय** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। यो वर्ष आन्तरिक आय दस्तुर रु. ३४,४६,२४३।५६ असुली तथा दाखिला भएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन् :

२९.१ **कर रकम असुली** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्रअर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकमसमेत असुली गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले असुल गर्नुपर्ने करहरुको लगत राखी असुल गर्नुपर्दछ। मालपोत, शुल्क र अन्य शुल्क तथा दस्तुरबाट असुल हुनुपर्ने रकमको लगत नराखेको कारण असुल गर्न बाँकी करहरु यकिन गर्न सकिएन । यो वर्ष हाट बजार ठेक्काबापत श्याम चाम्लिङसँग रु. ३,००,०००।०० को सम्झौता भएकोमा रु. २,५०,०००।०० मात्र असुल भई रु. ५०,०००।०० असुल गर्न बाँकी रहेको र मूल्य अभिवद्धि कर रु. ३९,०००।०० समेत असुल गरी सम्बन्धित सञ्चित कोष दाखिला गर्नुपर्ने रु. ८९,०००।००

२९.२ **नगदी रसिद** :– छपाइ गरी ल्याएको नगदी रसिदहरू आम्दानी बाँधी जिम्मेवार व्यक्ति यकिन गरी बुझाई नगदी रसिद ठेली खर्च गर्नुपर्दछ। खर्च भएर जाने जिन्सी खाता (म. ले. प. फा. नं. ५२) मा १५५ ठेली आम्दानी गरी खर्च भएको देखिए पनि प्रयोग भएको ठेली, जिम्मा लिने व्यक्ति र वर्षको अन्तमा बाँकी ठेली यकिन गर्न सकिने अवस्था देखिने रसिद नियन्त्रण खाता राखेको देखिएन। रसिदको अभिलेख एवं नियन्त्रण खाता नराख्दा प्रयोग भएका रसिदबाट प्राप्त आम्दानीसमेत हिनामिना हुन सक्ने संभावना रहने हुँदा रसिद छपाइ आम्दानी एवं प्रयोगको अभिलेख व्यवस्थित गर्नेतर्फ संवेदनशील हुनुपर्दछ।

३०. **व्यवसाय कर** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ। यस गाउँपालिकाले लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखेको देखिएन । व्यवसायमा दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख राखी करको दायरामा ल्याउनु पर्दछ।

३१. **सवारी कर** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सवारीमा तोकिएबमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिएबमोजिम सवारी कर उठाउने उल्लेख छ। गाउँपालिकाले सवारीहरुको दर्ता एवं नवीकरणबाट यो वर्ष कुनैपनि रकम असुल भएको देखिएन । सवारी साधनको अभिलेख राखी कर असुलीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान जानुपर्ने देखिन्छ।

३२. **अनुगमन भत्ता** :– गाउँपालिकाका पदाधिकारी तथा कार्यरत कर्मचारीले भ्रमण खर्च नियमावली, २०६४ मा तोकिएको अवस्थामा पाउने दैनिक भत्ता र भ्रमण खर्चबाहेक गाउँपालिकाको क्षेत्रभित्रका तालिम तथा योजनाहरुको अनुगमन गर्दा भत्ता सुविधा पाउने कुनै व्यवस्था छैन । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिकका सदस्य, वडा सदस्य तथा कर्मचारीहरुलाई योजना अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेको पाइयो । यसप्रकारको नपाउने सुविधामा भएको खर्च छानविन गरी असुल गर्नुपर्ने देखिएको छ।

३३. **विद्युतीय लेखा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्करुपमा उपलब्ध गराई सबै गाउँपालिकाहरुले Sub National Treasury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले उक्त सफ्टवेयर प्रयोग गरी लेखा राखेको देखिएन।

३४. **सार्वजनिक परीक्षण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षणअन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट सञ्चालित विभिन्न योजनाको नियमले व्यवस्था गरेअनुसारको सार्वजनिक परीक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरी सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण हुनुपर्दछ।

३५. **योजना र कार्यान्वयन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन।

३६. **गुणस्तर परीक्षण** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले मोटरसाईकल, ल्यापटप, डेस्कटप कम्प्यूटरलगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ।

Scanned with CamScanner

Scanned with CamScanner

गो.भौ.नं./मिति	आपूर्तिकर्ताको नाम	भुक्तानी रकम	मू.अ.कर	देखिएका कैफियतहरु
	व.उ.शि.नं. निशर्त पूँजीगत अनुदान तर्फ			
३२/०७६/३/१८	भगवती ट्रेडर्स, दमक (३०३९४३५८५)	४०९६२.५०	४७१२.५०	विजक नं. ५०७ हातले लेखि मिति २०७६।२।३२ मा जारी गरेको ।
४८/०७६/३/२९	गिताञ्जली सप्लायर्स, फिदिम (३०३३९५६६८)	३८२९०.०५	४४०५.०५	विजक नं. २८ लाई कालो पोतेर ७७ पारी मिति २०७६।३।३ मा जारी गरेको ।
	समानीकरण अनुदान (पुँजीगत)			
१३/०७५/११/१३	गिताञ्जली सप्लायर्स, फिदिम (३०३३९५६६८)	९८१४०.५०	११२९०.५०	कालो पोतेर विजक नं २७ कायम गरी २०७५।१०।२७ मा जारी गरेको
१४/०७५/११/३०	गिताञ्जली सप्लायर्स, फिदिम (३०३३९५६६८)	४९२८४९	५६६९९.४४	कालो पोतेर विजक नं ३० कायम गरी २०७५।११।१७ मा जारी गरेको
	जम्मा	५९०९८९.५	६७९८९.९४	

४२. **गैर सरकारी संस्था** :– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखिकरण, सबलीकरण, मूल प्रवाहीकरणजस्ता कार्य गैर सरकारी संस्थामार्फत गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिएबमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने प्रावधान छ । त्यसैगरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयमवधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने उल्लेख छ भने सोही नियमको उपनियम (२) मा त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानूनबमोजिम दर्ता भएको र मौजुदा सूचीमा समावेश भएको गैर सरकारी संस्थालाई कम्तिमा पन्ध्र दिनको अवधि दिई सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने र उपनियम (३) मा सूचनामा खुलाउनु पर्ने विवरणहरु उल्लेख गरिएको छ । यो वर्ष देहायका गैर सरकारी संस्थाबाट काम गराई भुक्तानी दिई खर्च लेखेको छ । कानुनमा उल्लेख भएको कामभन्दा फरक किसिमको निर्माण कार्यलगायतका प्राविधिक कार्य पनि गैर सरकारी संस्थामार्फत गराएको देखिएको छ । गैर सरकारी संस्थाबाट कार्य गराउँदा नियमअनुसार १५ दिनको सूचना प्रकाशन नगरी अन्य उपभोक्ता समिति सरह लागत अनुमानमा सम्झौता गरी भुक्तानी भएबाट प्रचलित ऐन कानुनको पालना भएको छैन । यसका केही उदाहरणहरु निम्नानुसार छन् ।

गो. भौ. नं. र मिति	योजनाको नाम	गैर सरकारी संस्थाको नाम	भुक्तानी रकम
२३/२०७६/३/१	स्वागतद्वार गेट निर्माण	यलम्वर युवा संस्था, कुम्मायक	३,००,०००/-
१४/०७५/१२/८	नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन	जनसेवा समाज, फिदिम	५,००,०००/-
५०/०७६/२/१६	अपांगता परिचयपत्र वितरण	अपांग सेवा संघ	५,००,०००/-
६३/०७६/३/२०	आधारभूत कम्प्युटर तालिम	जनसेवा समाज, फिदिम	४,००,०००/-
८३/०७६/३/३१	पूर्ण सरसफाइ तयारी कार्यक्रम	खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ	४,९२,९३०/-
८६/०७६/३/३१	आदिवासी जनजाति सशक्तिकरण	नेपाल आदिवासी जनजाति महासंघ	४,४०,०००/-
९७/०७६/३/३१	जनजाति लक्षित कम्प्युटर सिकाई	नेपाल आदिवासी जनजाति महासंघ	३,४०,०००/-

४३. **बढी व्ययभार पारेको** :– उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि करको रकम भुक्तानी दिँदा दर विश्लेषण हुँदा जति मूल्य कायम गरी दर विश्लेषण भएको हो सोही मूल्यअनुसारको सामान खरिद गरेको अवस्थामामात्र उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्दछ । दर विश्लेषणभन्दा उपभोक्ता समितिले घटी मूल्यमा सिमेन्ट, छड खरिद गरी ल्याएकोमा पनि दर विश्लेषण कै मुल्य कायम गरी नापी मूल्याङ्कन गरी भुक्तानी दिएको पाईयो । खरिद मूल्यभन्दा बढीको दरले भुक्तानी दिएकोले बढी व्ययभार पारेको रु. ७,८८,८७९।८०

गो. भा. नं. र मिति	योजनाको नाम	सामानको नाम	भुक्तानी गरेको दर	खरिद दर	फरक दर	सामानको परिमाण	व्ययभार परेको रकम
१४/०७६/१/३१	यासोक बजार पूर्वाधार निर्माण कार्य	सिमेन्ट	१,०८४/८०	८१४/७३	२७०/०७	३०० बोरा	८१०२१.००
		सिमेन्ट	१,०८४/८०	५९८/९०	४८५/९०	१०० बोरा	४८५९०.००
		सिमेन्ट	१,०८४/८०	५९८/९०	४८५/९०	३४० बोरा	१६५२०६.००
२९/०७६/३/३०	यासोक बजार पूर्वाधार निर्माण कार्य	सिमेन्ट	१,०८४/८०	५९८/९०	४८५/९०	१९० बोरा	९२३२१.००
३४/०७६/३/३१	यासोक बजार गेट तथा परेवा गुड निर्माण	सिमेन्ट					
		छड	८९/२७	७६/८४	१२/४३	१७७२.५० के. जी.	२२०३२.२०
१७/०७६/२/२०	कुम्मायक मन्दिर पूर्वाधार निर्माण कार्य	छड	८९/२७	७७/९९	११/२८	२०७९.७० के. जी.	२३४५९.००
		सिमेन्ट	१,०८४/८०	८४०/३७	२४४/४३	५३० बोरा	१२९५४७.९०
७६/०७६/३/३१	कुम्मायक मन्दिर पूर्वाधार निर्माण कार्य	सिमेन्ट	१,०८४/८०	८२०/३७	२६४/४३	२१० बोरा	५५५३०.३०
३२/०७६/३/१८	हात्ती पोखरी निर्माण कार्य	सिमेन्ट	१,०८४/८०	८१९/२५	२६५/५५	२०० बोरा	५३११०.००
३३/०७६/३/१८	सेरेजेम्वा पोखरी निर्माण कार्य	सिमेन्ट	१,०८४/८०	७९१/-	२९३/८०	१७५ बोरा	५१४१५.००
		छड	८९/२७	७७/९७	११/३०	१६६५ के. जी.	१८८१४.५०
५३/०७६/३/३०	तलाउ पोखरी निर्माण कार्य	सिमेन्ट	१,०८४/८०	७९६/६५	२८८/१५	१६६ बोरा	४७८३२.९०
						जम्मा	७८८८७९.८

४४. **फिर्ता नलिएको** :– अनुदान रकम सम्बन्धित किसानसँग फिर्ता प्राप्त गर्ने गरी सञ्चालन गरेको कार्यक्रमको रकम फिर्ता लिनुपर्दछ । निम्न गो. भौ. नं. र मितिबाट वीस प्रतिशत र पच्चिस प्रतिशत रकम सम्बन्धित किसानसंग फिर्ता प्राप्त गर्ने गरी सञ्चालन गरेको फलफुलका बिरुवा, मकै बिउ र

Scanned with CamScanner

तरकारी बिउ वितरण गरेकोमा सम्वन्धित किसानसंग असुल गरी दाखिला गर्नुपर्नेमा उक्त रकम फिर्ता लिई दाखिला गरेको देखिन आएन । उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ रु. १,५२,०००।००

गो. भा. नं. र मिति	विवरण	रकम
१८/०७६/२/२०	मकै बिउ वितरणको फिर्ता गर्न नपुग रकम	७,०००/-
२१/२०७६/२/२७	तरकारी बिउ वितरणको फिर्ता गर्नुपर्ने रकम	५०,०००/-
४१/२०७६/३/२६	फलफुलका बिरुवा वितरणको वार्ड नं. २ बाट रु. ४७,५००।०० र वार्ड नं. ४ बाट रु. ४७,५००।०० फिर्ता गर्नुपर्ने रकम	९५,०००/-
	जम्मा	१,५२,०००/-

४५. **बढी व्ययभार** :– लागत अनुमान तयार गर्दा नर्म्स तथा जिल्ला दररेटको आधारमा दर विश्लेषण गरी सोही आधारमा सम्पन्न कार्यको भुक्तानी गर्नुपर्दछ। कार्यालयले उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा उपभोक्ता समितिले पेश गरेको निर्माण सामग्रीको लागत अनुमान तयार गर्दा उल्लेख गरेको दरभन्दा घटी दरबाट निर्माण सामग्री खरिद गरी त्यसमा तिरेको मूल्य अभिबृद्धि करसमेत भुक्तानी गरेको र लागत अनुमान गर्दाकै दरबाट प्राविधिक मूल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोले देहाय अनुसारको बढी व्ययभार परेको रु. १९,७३,७०९।३३

गो. भा. नं. र मिति	उपभोक्ता समितिको नाम	बढी भुक्तानी भएको रकम
२३/२०७६/३/१	यलम्वर यूवा संस्था, स्वागतद्धार गेट निर्माण कार्य	२८०४८.८०
२४/२०७६/३/१९	खाल्डे नरकटे मोटरबाटो निर्माण कार्य	३८६३८.३९
२५/२०७६/३/२०	चौथी बजार शहरी पूर्वाधार निर्माण कार्य	१३४२८.००
३०/२०७६/३/३०	आम्बोटे फिक्कल रानीगाउँ देवीथान मोटरबाटो मर्मत कार्य	२५९०९.२६
१७/२०७६/२/२०	कुम्मायक मन्दिर पूर्वाधार निर्माण कार्य	१४०४१८.३९
९/२०७५/१२/२८	ओन्थाक हाङ्गठुवा सेपेनी ताम्राखु मोटर बाटो निर्माण कार्य	२५८६६१.५०
३१/२०७६/३/३०	यासोक पिपलबोटे लुभुघाट सडक स्तरोन्नती कार्य	१०३५४५.००
१३/२०७६/१/३०	वसामु माङ्गजाबुङ्ग मोटरबाटो स्तरोन्नती कार्य	२००५६२.६९
१६/२०७६/२/१४	यासोक पिपलबोटे लुभुघाट सडक स्तरोन्नती कार्य	२३०७२४.००
२७/२०७६/३/२२	खर्पने याक्से खाम्ले मोटर बाटो निर्माण कार्य	२५५८६६.३७
२०/२०७६/२/३१	काफ्लेपानी चिहानडाँडा बोहोरागाउँ मोटरबाटो स्तरोन्नती कार्य	६९२९७.३४
२६/२०७६/३/२०	तमोर पम्पिङ मोटरबाटो निर्माण कार्य	७७०४१.२६
५०/२०७६/३/३०	कुण्डले सिंचाइ योजना निर्माण कार्य	३४४००.४७
६५/२०७६/३/३१	प्लाष्टिक पोखरी निर्माण कार्य	१७६१९४.२०
३८/०७६/१/३०	यासोक क्याम्पस भवन निर्माण	१८४५४६.३१
	सिद्ध मा.वि. खेल मैदान निर्माण	८१३६०.००
१४५/०७६/३/३१	वर्थिङ्ग सेन्टर र शौचालय निर्माण	२२४६१.२०
१५३/०७६/३/३१	वडा कार्यालय भवन निर्माण	३२६०६.१५
	जम्मा	१९,७३,७०९.३३

४६. **हेभी मेशीन प्रयोग** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, डोजर, ग्रेडर, बिटुमिन डिष्ट्रिब्युटर बिटुमिन ब्वाइलर जस्ता हेभी मेशीन प्रयोग गर्न नपाइने र लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिने प्रावधान छ । यो प्रावधानको विपरीत हेभी मेशीन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने प्रावधान पनि सोही नियमावलीको नियम ९७(९क) मा रहेको छ । उपभोक्ता समितिमार्फत गरिने निर्माण कार्य श्रममूलक किसिमको हुनुपर्ने, योजना छनौट गर्दा वातावरणलाई असर नपर्ने किसिमको हुनुपर्ने तथा योजनाले लाभग्राही समुहको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने हुनुपर्ने देखिन्छ । जटिल प्रकृति र हेभी मेशीनको प्रयोग हुने योजनाको काम उपभोक्ता समितिबाट गराउन नहुने प्रावधान रहेको अवस्थामा लागत अनुमान तयार गर्दा हेभी मेशीनको प्रयोग गर्ने गरी गरेकोले लागत अनुमान नै कानुनसममत देखिएन । उपभोक्ता समितिसँग सडक तथा खेलकुद मैदान निर्माणलगायतका कामको लागि भएको सम्झौतामा एस्काभेटर प्रयोग गरेको भाडा भुक्तानीको बिल पेश भएकोमा प्रयोग भएको घण्टाको आधारमा सम्पन्न हुनुपर्ने कामको परिमाण नखुलेकोले एक्साभेटरको भाडा तुलना गर्न सकिएन । कार्यालयले एक्साभेटरको क्षमता र कामको परिमाणबीच तुलना गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

४७. **सञ्चालन खर्च** :– गो. भौ. नं. १३९।२०७६।३।३० – नेपाल सरकारले उपलब्ध गराएको वित्तीय समानीकरण पूँजीगतको बजेटबाट सहकारी संस्थालाई भुक्तानी दिन मिल्ने कानूनी आधार देखिदैन । त्यसैगरि गाउँपालिकाको स्वामित्वमा रहेको बाहेकका कुनै पनि संस्थाको कार्यसँग सम्बन्धित खर्च गर्नसमेत मिल्दैन । सहकारीमार्फत सेवा प्रवाह गर्न थेङ्गेन्चोक ग्रामीण विद्युत सहकारी संस्था लिमिटेडलाई घरायसी विद्युतीय सामाग्री खरिद गर्नको लागि रु. ९,५०,०००।०० भुक्तानी दिएको देखियो । गाउँपालिकाको स्वामित्वमा नरहेको उक्त संस्थालाई भुक्तानी दिन र घरायसी सामग्री खरिद गरेको रकम भुक्तानी दिन मिल्ने नदेखिएकोले खर्च अनियमित देखिएको रु. ९,५०,०००।००

Scanned with CamScanner

वडागत योजनातर्फः

गोश्वारा भौचर नम्बर १४६।२०७६।३।३१

४८. **विरुवा उत्पादन** :– गाउँपालिकाले आवश्यकता र मागको आधारमा विरुवा उत्पादन र वितरण गरी खर्च लेख्न पर्दछ । वडा नं. १ को लागि छुट्याएको बजेट रु. ६,००,०००।०० वडा सचिव श्री टुका बराललाई पेश्की दिई खर्च गरेको देखियो । विरुवा उत्पादनका लागि प्रति विरुवा रु. १०।०० मा नबढ्ने गरी खर्च लेख्न सकिनेमा ५०,००० गोटा विरुवा उत्पादन र नर्सरी निर्माणको लागि रु. ६,००,०००।०० को लागत अनुमान बनाई उपरोक्त खर्च लेखेकोमा ४५,००० मात्र विरुवा उत्पादन भएको कुरा निज वडा सचिवले पेश गरेको प्रतिवेदनमा उल्लेख छ । घटी विरुवा उत्पादन भएकोमा पनि पूरै बजेट खर्च गरेको सम्बन्धमा छानविन गरी बढी खर्च भएको रकम असुल गर्नुपर्ने र वितरण भएका विरुवाको अनुगमन गर्नुपर्ने देखिन्छ ।

गोश्वारा भौचर नम्बर १५७।२०७६।३।३१

४९. **सम्झौताबेगर भुक्तानी** :– उपभोक्ता समितिसँग सम्झौता गरी स्वीकृत बजेट र कार्यक्रमभित्र रही बिलभरपाइको आधारमा भुक्तानी दिई खर्च लेख्नुपर्दछ । कार्यालयले सामुदायिक विद्युतीकरणका लागि वडा नं. ३ र ४ मा छुट्याएको बजेट रु. १०,००,०००।०० तिङ्गदेन विद्युत सहकारी संस्था लि. लाई भुक्तानी गरेको देखियो । रकम उपलब्ध गराउनु अघि लागत अनुमान तयार गरी कार्यालय र उपभोक्ता समितिले व्यहोर्ने रकमसमेत खुलाई सम्झौता गरी बिल भरपाईको आधारमा खर्च लेख्नुपर्नेमा सो बेगर नै उपलब्ध गराएकोले खर्चको औचित्य पुष्ट्याई नभएको हुँदा अनियमित देखिएको रु. १०,००,०००।००

प्रदेश कार्यक्रम सशर्त अनुदान

५०. फिक्कल माङ्जाबुङ ओलन ६ नं. बुधबारे सडक स्तरोन्नतिको लागि बोलपत्र गरी निर्माण व्यवसायी अधिकारी निर्माण सेवासँगको सम्झौताअनुसार रु. १,३४,५९,३५३।०० भुक्तानी गरेकोमा निम्न व्यहोरा देखिएको छ ।

५०.१ **सीमित प्रतिस्पर्धा** :– सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने उल्लेख छ । फिक्कल माङ्जाबुङ ओलन ६ नं. बुधबारे सडक स्तरोन्नति (चेनेज 0+000 देखि 1+170) को लागि लागत अनुमान रु. १,३४,९९,९६५।०६ स्वीकृत गरी बोलपत्र आव्हान गर्दा इबिडिङ ४ वटा बोलपत्र दर्ता भएकोमध्ये ३ वटा फिर्ता भएको र बाँकी रहेको बोलपत्रदाताले अन्तिम दिन संशोधन पेश गरेको देखिन्छ । हार्डकपी पेश भएको २ बोलपत्रसमेतको मूल्यांकन गर्दा इबिडिङवाला अधिकारी निर्माण सेवाको कबोल अंक लागत अनुमानको हाराहारीको रु. १,३४,५९,३५३।४१ को स्वीकृत गरी सम्झौता गरेको देखियो । इबिडिङमार्फत पेश भएको बोलपत्र अन्तिम दिन फिर्ता हुनु, फिर्ता भएपछि संशोधन दर्ता गर्नु, पेश भएको हार्डकपीको कबोल अंक लागत अनुमानभन्दा बढी हुनुलगायतका कारणले निर्माण व्यवसायीबीच मिलोमतो भएको अवस्था देखिएकोले यससम्बन्धमा छानविन हुनुपर्ने देखिन्छ ।

वित्तीय समानीकरण (पुँजीगत)

५१. **सोझै खरिद** :– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. २० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु. ५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार लागत अनुमान नै तयार नगरी निम्नअनुसार रु. ४२,२१,३२३।०० मूल्यका मालसामान सोझै खरिद गरेकोले खरिद कार्य कानुन प्रतिकुल देखिएको छ ।

गो. भौ. / मिति	सामानको विवरण	आपूर्तकको नाम	भुक्तानी
१/०७५/६/२८	मोटरसाइकल	डी जी ट्रेड	१८३७००
११/०७५/९/१६	मोटरसाइकल	सागर एण्ड ब्रदर	२४९९००
१३/०७५/११/१०	कम्प्युटर टेबुलसमेत	गिताञ्जली सप्लायर्स	९८१४०
१४/०७५/११/३०	सोफा सेटलगायत	गिताञ्जली सप्लायर्स	४९२८४९
१५/०७६/१/११	फोटोकपी मेसिन र ल्यापटपलगायत	सिआइएस नेटसञ्चार	४७३५७१
१६/०७६/१/१३	सोलार प्यानल तथा ब्याट्रीलगायत	पूर्वाञ्चल सोलार इनर्जी प्रा.लि.	४९८३६५
१८/०७६/२/२०	सोलार ब्याट्री तथा इन्भर्टर	उत्सव अल्टरनेटिभ इनर्जी	२९००००
१९/०७६/३/२२	कार्यालय सामन	कृष्चला डाँगी स्टोर्स	१८१६४७
२०/०७६/३/३१	ल्यापटप	इन्टेल सप्लायर्स	१७३३९१
	समानीकरण (सामाजिक विकास)		
४२/०७६/२/१६	औषधि	जनकल्याण फार्मेसी	८८०२००
४२/०७६/२/१६	ल्याब सामग्री र उपकरण	विर्ता सर्जिकल सप्लायर्स	६९९५६०
		जम्मा	४२२१३२३

Scanned with CamScanner

वित्तीय समानीकरण सामाजिक विकासतर्फ:

५२. **शैक्षिक गुणस्तर** :– सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर तथा सिकाई उपलब्धी बृद्धि कार्यक्रममा १० वटा विद्यालयलाई सामुदायिक विद्यालय व्यवस्थापनअन्तर्गत विनियोजन भएको बजेट रु. ४५,००,०००।०० भुक्तानी गरी खर्च लेखेको देखियो । विद्यालयहरुले पेश गरेको बिल भरपाईअनुसार विद्यालयको कक्षा कोठा मर्मत, डेस्क बेन्च निर्माण, विद्यार्थीहरुलाई ड्रेस तथा टाई बेल्ट वितरण, खाना खाजा तथा चाउचाउ र बिस्कुट खरिदका बिल भरपाई पेश भएको आधारमा खर्च लेखेको देखियो । खरिद भएका डेस्क बेन्चलगायतका फर्निचर सम्बन्धित विद्यालयको जिन्सी खातामा आम्दानी गरेको देखिएन । विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले उपलब्ध गराएको रकमबाट गुणस्तर सुधार भएको देखिने उपलब्धीसम्बन्धी प्रतिवेदनसमेत तयार नगरेकोले खर्चको औचित्य पुष्टि हुन सकेन । कार्यालयले यससम्बन्धी बजेट विनियोजन र खर्च गर्दा उपलब्धी र औचित्य पुष्टि हुने किसिमले गर्नुपर्ने देखिन्छ ।

५३. **मातृ भाषाको शिक्षकको तलब** :– नेपालको संविधानअनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयको लागि पाठ्यक्रम निर्धारण गरी लागू गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पाठ्यक्रम नै निर्धारण गरेको छैन । स्थानीय भाषा (लिम्बु) को पाठ्यक्रम निर्धारण नभएको अवस्थामा शिक्षक नियुक्ति गरी खर्च लेख्न मिल्ने आधार नदेखिएको रु. २,२८,०००।००

सि. नं.	विद्यालयको नाम	शिक्षकको नाम	तलब
१	पृथ्वी मा.वि	डिगधोज लावती	७८,०००
२	तिल्केनी आ.वि	नाम उल्लेख नभएको	७८,०००
३	सरस्वती आ.वि	ऐतबहादुर लावती	७२,०००
		जम्मा	२,२८,०००.००

५४. **प्रशिक्षक भत्ता** :– स्वीकृत कार्यक्रमअनुसारको तालिम सञ्चालन गर्न बाहिरी प्रशिक्षकको आवश्यक पर्ने भएमा विषयगत प्रशिक्षकको सूची तयार गरी त्यस्ता प्रशिक्षकमार्फत कक्षा सञ्चालन गरी तालिम सञ्चालन गर्न सकिन्छ । तालिमको आवश्यकता र प्रकृतिअनुसार अवधि निर्धारण गरेर तालिम सञ्चालन गर्ने, विषयगत प्रशिक्षकबाट मात्र कक्षा सञ्चालन गर्ने, आवश्यकताको आधारमा विषय छनौट गर्ने जस्ता कार्यबाट तालिम प्रभावकारी र नतिजामूलक हुन सक्छ । गाउँपालिकाले छनौट गरेको तालिमको विषयको आवश्यकताको पुष्टि नभएको, प्रत्येक तालिम ३ दिनको राखेको, एउटै प्रशिक्षकले प्रतिदिन ४ कक्षाको दरले ३ दिनसम्म लगातार प्रशिक्षण दिएको कारण तालिम प्रभावकारी देखिएन । तालिम सञ्चालन गर्दा कार्य सञ्चालन निर्देशिका, २०७५ को अनुसरण नगरी एउटै प्रशिक्षक श्री सरस्वती सिवाकोटीलाई दैनिक ४ कक्षाको प्रति कक्षा रु. १,५००।०० को दरले भत्ता उपलब्ध गराउन मिल्ने नदेखिएकोले कार्यालयबाटै छानविन गरी बढी भत्ता असुल गर्नुपर्दछ रु. १,६२,०००।००

गो. भौ. / मिति	तालिमको नाम	भत्ता रकम
४६/०७६/२/१७	बालबालिका लक्षित तालिम ३ वटा	५४०००
६७/०७६/३/२६	बाल क्लब गठन तथा क्षमता विकास	१८०००
७२/०७६/३/२९	वैदेशिक रोजगारीमा गएका व्यक्तिका पविारलाई पारिवारिक तथा आर्थिक व्यवस्थापन तालिम ५ वटा	९००००
	जम्मा	१६२०००

५५. **कार्य सम्पन्न प्रतिवेदन** :– कुनै पनि योजनाको निर्माण कार्यको लागि कार्यालय र उपभोक्ताबीच भएको सम्झौताअनुसारको काम सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । थुङसेलिङ डिपबोरिङ खानेपानी योजनाको लागि सबमर्सिबल पम्प खरिद तथा जडान र फेरोसिमेन्ट ट्यांकी निर्माण गर्न तयार गरेको लागत अनुमान रु. १५,८२,१०५।०१ मध्ये कार्यालयले रु. १५,००,०००।०० व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता भएको देखिन्छ । उपभोक्ता समितिले सबमर्सिबल पम्प खरिद तथा जडान र फेरोसिमेन्ट ट्यांकी निर्माण गरेको प्राविधिक मूल्यांकन एवं गाउँपालिकाको अनुगमन प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा सामान खरिद गरेको परिमाणको आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गरी अनुगमन प्रतिवेदनबेगर नै भुक्तानी गरेकोले खर्च अनियमित देखिएको रु. १५,००,०००।००

५६. गोश्वारा भौचर नम्बर ७४।०७६।३।३०

ढुवानी खर्च :– पाइपलगायतका सामान ढुवानी गरेको भनी गाडी धनी श्री नरेन्द्र बोहरालाई ढुवानी भाडा भुक्तानी गरेकोमा समानको विवरण एवं तौल नखुलेकोले भाडा यकिन गर्ने आधार नभएको रु. ४५,०००।००

५७. गोश्वारा भौचर नम्बर ८०।०७६।३।३१

ट्रान्सफरमर खरिद :– गोल्डेन ट्रेड एण्ड सप्लायर्स, फिदिमबाट ट्रान्सफर्मर खरिद गरी रु. ५,००,०००।०० खर्च लेखेकोमा निम्नअनुसारको व्यहोरा देखिएको हुँदा खर्च अनियमित भएको रु. ५,००,०००।००

५७.१ आवश्यकताको पहिचान गरी लागत अनुमानको आधारमा खरिद गर्नुपर्नेमा सोबेगर नै रु.४३५०५०।०० मूल्यको ट्रान्सफरमर खरिद गरेको र गुणस्तर परीक्षणसमेत नगराएकोले मूल्य र गुणस्तर यकिन गर्न नसकिएको ।

५७.२ सिद्धकाली ट्रेड एण्ड सप्लायर्सबाट डिस्क ग्राफर र लाइटिङ एरेष्टर रु.१९५००।०० र न्यू गिताञ्जली सप्लायर्सबाट अमेरिकन डीओ सेट रु. १८५००।०० मूल्यको खरिद गरेकोमा पनि गोल्डेन ट्रेड एण्ड सप्लायर्सलाई नै भुक्तानी गरेको ।

Scanned with CamScanner

५७.३ फिदिम पाँचथरमा खरिद भएको ट्रान्सफरमरको ढुवानी विराटनगरदेखि गरेको विकास पोखरेलको ठाडो भरपाई राखी रु. २५,०००।०० खर्च लेखेकाले ढुवानी खर्च लेख्न मिल्ने नदेखिएको ।

५८. **निर्देशिकाको पालना** :– स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका, २०७४ मा भएका निम्न प्रावधानहरु पालना भएको देखिएन ।

५८.१ निर्देशिकाको दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नसकिने प्रावधान भएकोमा पनि यो वर्ष महिन्द्रा हार्डटप जिप १ र २ वटा मोटर साइकल खरिद गरी रु. ६२,७८,९०२।०० खर्च गरेको छ ।

५९. **आयोजनाको स्वीकृति र कार्यान्वयन** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत हुनु पर्दछ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाअन्तर्गत सञ्चालन भएका कुनै पनि योजनाहरुको उपरोक्त अनुसारको प्रक्रिया पूरा गरेको देखिएन । वातावरणीय प्रभावको अध्ययन नगरी छनौट भएका आयोजनाले प्राकृतिक विपत्ती ल्याउन सक्ने, प्रतिफलको विश्लेषण नगर्दा योजना खर्चिलो हुन सक्ने, विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेसन नबाउदा योजना गुणस्तरीय र दिगो नहुने भएकाले योजनाको छनौट गर्दा माथिका प्रावधानहरु पूरा गर्नु पर्ने देखिन्छ । यो वर्ष उपर्युक्त प्रावधान पूरा नगरी छनौट भएका केही ठूला योजनाहरुको उदाहरण निम्नअनुसार छन्:

योजनाको नाम	लागत अनुमान	कार्य सम्पन्न
फिक्कल माङ्जाबुङ ओलन ६ नं बुधबारे सडक स्तरोन्नति	१३४९९६६५।०६	१३४५९३५३/-
सिद्ध मा.वि खेल मैदान निर्माण	३७६३८५८/७६	३७६३८५८/७६
यासोक साँवासेरा मोटरबाटो स्तरोन्नति	३२४६५६०/४५	३२४७८१०/१९

६०. **उपभोक्ता समितिले व्यहोर्ने रकम** :– गाउँपालिकाको निर्माणसम्बन्धी कार्यविधिअनुसार संरचना निर्माणबाहेकका कामा उपभोक्ता समितिले लागत अनुमानको १० प्रतिशत लागत व्यहोर्ने व्यवस्था देखिन्छ । नमुना छनौटको आधारमा केही योजनाहरुको लागत अनुमान र उपभोक्ता समितिले व्यहोरेको रकमको परीक्षण गर्दा निम्न योजनाको उपभोक्ता समितिलाई १० प्रशितभन्दा कम रकम व्यहोरेकोले असुल गर्नुपर्ने देखिएको छ । बाँकी योजनाहरुको सम्बन्धमा कार्यालयबाट छानविन गरी असुल गर्नुपर्ने देखिएको रु. २०,०१८।००

योजनाको नाम	लागत अनुमान	भुक्तानी गर्नुपर्ने	भुक्तानी भएको	१० प्रतिशत नहुदाँको बढी व्ययभार परेको रकम
खेलमैदान विस्तार योजना वडा नं. २	५३३३१३/१५	४७९९८१/८३	५०००००	२००१८/-
जम्मा	५३३३१३/१५	४७९९८१/८३	५०००००	२००१८/-

सशर्त शिक्षातर्फ

६१. **निकासा रजिष्टर एवं विवरण** :– अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । तोकिएको ढाँचामा सबै विद्यालय शिक्षकको तहगत, श्रेणीगत, नियुक्ति, अवकास, सरुवा, बढुवा, अस्थायी, स्थायी, राहत र करार संख्या खुल्ने गरी विवरण र शिक्षकको तलव भत्ताबाहेक निकासा हुने छात्रवृति, पाठ्यपुस्तक बुक कर्नर, कर्मचारी तलब, वालविकास र मसलन्द आदिको हिसाबसमेत निकासा विवरण अद्यावधिक गरी राख्नुपर्दछ । सो सम्बन्धी विवरण अद्यावधिक नगरेको व्यहोरा गतवर्षको प्रतिवेदनमा औल्याएकोमा समेत सुधार भएको देखिएन । निकासा रजिष्टर र विवरण अभिलेख भिडान एंव यकिन गर्न नसकिने भएकाले अद्यावधिक विवरण राख्नुपर्दछ ।

६२. **शिक्षक विद्यार्थी अनुपात** :– शिक्षा ऐन, २०२८ को (नवौ संशोधन, २०७४) तथा शिक्षा नियमावली, २०५९ को (नवौ संशोधन, २०७४) बमोजिम पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात १:४५ हुनुपर्ने उल्लेख छ । गाउँपालिकाअन्तर्गतका ३८ विद्यालयमा १७७ शिक्षक दरबन्दी रहेकोमा विद्यार्थी संख्या उपलब्ध नगराएकोले विश्लेषण गर्न सकिएन । विद्यार्थी संख्या, भौगोलिक अवस्था, विद्यालय पुग्न लाग्ने समय, दुरी तथा पढाईबाट बञ्चित नहुने आदि अवस्था विचार गरी शिक्षक दरबन्दी मिलान र विद्यालय गाभ्ने व्यवस्था गर्नुपर्नेमा सो कार्य भएको देखिएन । अत: गाउँपालिकाले अनुगमन गरी गाउँपालिका, शिक्षा विकास तथा समन्वय ईकाई र स्थानीय समुदायबीच समन्वयको व्यवस्था मिलाई शिक्षक दरबन्दी मिलान तथा विद्यालय गाभ्ने कार्यमा सहजता ल्याउनु पर्दछ ।

६३. शिक्षा मन्त्रालयबाट स्वीकृत भएको विद्यालय क्षेत्र विकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानीय तह) लगायत सम्पादन हुने कार्यक्रमहरूसम्बन्धी कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकहरूको तलब भत्ता सम्बन्धी यकिन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरी सोहीअनुसार विद्यालयबाट प्राप्त निकासा माग फारामसमेत रुजु गरी विद्यालय शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनका आधारमा तलब भत्ता निकासा दिने व्यवस्था छ । यो वर्ष कार्यालयले ३८

Scanned with CamScanner

विद्यालयका शिक्षकहरूका लागि तलब भत्ता निकासा गरेकोमा शिक्षा विकास तथा समन्वय ईकाइ, पाँचथरबाट विद्यालयगत दरबन्दी र शिक्षकहरुको नामावली बेगर चौमासिक माग फारामको आधारमा तलब भत्ता निकासा गरेकोले निकासा रकम भिडान एंव यकिन गर्ने भरपर्दो आधार रहेन । अतः प्रमाणित विवरण माग गरी भिडान गर्नुपर्दछ ।

व.उ.शी.नं. ८०१७५७३ (सशर्त अनुदान स्वास्थ्य तर्फ)

६४. निम्न स्वास्थ्य चौकीको औषधिको जिन्सी खाता परिक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् :–

६४.१. स्वास्थ्य सेवा विभागले तोकेको ASL (Authorized Stock Level) र EOP (Emergency Order Point) अनुसारको औषधिहरु स्टक खुलाई राख्नुपर्नेमा Emergency Order Point भएपछि औषधिहरु माग गर्नुपर्नेमा सोअनुसार भए गरेको देखिन आएन । स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसार गर्न गराउन ध्यान दिनुपर्दछ । परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नअनुसार छन् :–

सि.नं.	औषधीको नाम	ASL	EOP	कैफियत देखिएका व्यहोराहरु
	स्वास्थ्य चौकी, माङजाबुङ्ग, वार्ड नं. २			
१.	ओ. आर. एस.	-	-	मिति २०७५।४।१ देखि २०७५।८।१६ सम्म ई. ओ. पी. १२० पाकेट हुनुपर्नेमा २० पाकेटमात्र मौज्दात रहेको ।
२.	आईरन चक्की	-	-	मिति २०७५।९।२९ देखि २०७६।१।२ सम्म ई. ओ. पी. १२०० चक्की हुनुपर्नेमा सो लेभलमा नरहेको र ५०० चक्कीमात्र मौज्दात रहेको ।
३.	आर. एल. स्लाईन	-	-	मिति २०७५।७।१२ देखि २०७६ असार मसान्तसम्म शुन्य मौज्दात रहेको ।
४.	डेक्स्ट्रोज स्लाईन	-	-	मिति २०७५।७।१२ देखि २०७६।२।१९ सम्म शुन्य मौज्दात रहेको ।
५.	नर्मल स्लाईन	-	-	मिति २०७५।७।१२ देखि २०७६ असार मसान्तसम्म शुन्य मौज्दात रहेको ।
६.	एमोक्सोसिलिन ५०० एम जि	-	-	मिति २०७५।६।१७ देखि २०७५।८।१६ सम्म शुन्य मौज्दात रहेको ।
७.	एमोक्सोसिलिन २५० एम जि	-	-	मिति २०७५।७।१२ देखि २०७५।८।१६ सम्म शुन्य मौज्दात रहेको ।
८.	रानीटेडिन १५० एम. जि.	-	-	मिति २०७५।९।२९ देखि २०७६।१।२ सम्म शुन्य मौज्दात रहेको ।
	स्वास्थ्य चौकी, यासोक, वार्ड नं. १			
१.	ओ. आर. एस.	-	-	मिति २०७५।८।११ देखि २०७६।१।९ सम्म शुन्य मौज्दात रहेको ।
२.	आर. एल. स्लाईन	-	-	मिति २०७५।५।१५ देखि २०७६।३।१० सम्म शुन्य मौज्दात रहेको ।
३.	नर्मल स्लाईन	-	-	मिति २०७५।६।८ देखि २०७५।८।११ सम्म शुन्य मौज्दात रहेको ।
४.	एमोक्सोसिलिन २५० एम जि	-	-	मिति २०७५।४।१ देखि २०७५।८।१३ सम्म शुन्य मौज्दात रहेको ।
५.	एमोक्सोसिलिन २५० एम जि	-	-	मिति २०७५।४।१ देखि २०७५।८।१९ सम्म शुन्य मौज्दात रहेको ।
६.	आईरन चक्की	-	-	९,००० ट्याबलेट म्याद नाघी खेर गएको ।
७.	रानीटेडिन १५० एम. जि.	-	-	मिति २०७५।१।२२ देखि २०७६।२।१५ सम्म शुन्य मौज्दात रहेको ।
८.	भिटामिन बि कम्प्लेक्स	-	-	मिति २०७५।९।११ देखि २०७६।२।१५ सम्म शुन्य मौज्दात रहेको ।

६५. **कर्मचारी सुविधा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ स्थानीय सेवाको शर्त तथा सुविधासम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुनबमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ । गाउँपालिकामा कार्यरत कर्मचारीलाई मासिक तलबको अतिरिक्त यातायात खर्चसमेत आन्तरिक कोषको चालू शीर्षकबाट भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघीय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले उक्त खर्च अनियमित देखिएको रु. ४,१८,०००।००

६६. **घरभाडा :–** कुनै सरकारी कार्यालय वा गोदाम भाडामा लिनुपर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(४) अनुसार घर भाडा निर्धारण समितिको निर्णय अनुसार भाडा निर्धारण गरेपछिमात्र सम्झौता गरी भाडा खर्च लेख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका र वडा कार्यालयहरु रहेका घरधनीलाई २०७५ श्रावण महिनादेखि २०७६ असार मसान्तसम्मको रु. ६,००,०००।०० घरभाडा भुक्तानी दिएकोमा घर भाडा निर्धारण समितिको निर्णय, घरधनीसँगको सम्झौता बिना नै खर्च लेखेको रकम अनियमित देखिएको रु. ६,००,०००।००

६७. **बीमा :–** प्रधानमन्त्री रोजागार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ८७ मा बीमासम्बन्धी व्यवस्था गरिएको छ । गाउँपालिकाले रोजगार सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरेतापनि श्रमिकको बीमा गरेको पाइएन । यसरी बीमा नगरिँदा श्रमिकको ज्यान जोखिममा पर्ने हुँदा नियमानुसारको विमा गरी कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

६८. **बिउ पूँजी :–** चालुकोष बिउ पूँजी सञ्चालन निर्देशिका, २०६३ अनुसार गाउँपालिकाको क्षेत्राधिकार अन्तर्गत साविक महिला तथा बालवालिका कार्यालयद्धारा सञ्चालित बिउ पूँजी कोष के कति रहेको छ महिला शाखाले यथार्थ चित्रण गरी विवरण उपलब्ध नगराएकोले सो सम्बन्धमा कार्यालयले खोजविन गरी विवरण अद्यावधिक गर्नुपर्दछ ।

व. उ. शी. नं. सामाजिक सुरक्षा कार्यक्रमतर्फ

६९. पञ्जिकरण विभागको एम. आइ. एस. सिष्टम प्रविष्ट गरेर मात्र सामाजिक सुरक्षा भत्ता वितरण हुनुपर्ने

Scanned with CamScanner

व्यवस्था रहेकोमा यस गाउँपालिकाको वडा नं. १ बाहेकका सबै वडामा हाते भरपाई पेश गरेकोले यस प्रकृतिको व्यवस्था खारेज गरी तुरुन्त बैक मार्फत भत्ता वितरण हुनुपर्ने देखिन्छ ।

७०. सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७२ अनुसार प्रत्येक स्थानीय तहले भत्ता पाउने परिचय वितरण गरेका लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा बसाई सरेका लाभग्राहीको लगत कट्टी गर्नुपर्ने, प्रत्येक वर्ष लाभग्राहीको परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बसाई सराई र मृत्यु भएका व्यक्तिहरुको विवरण तयार गरेको पाइएन । जसले गर्दा त्यस्ता व्यक्तिको नाम सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन । सामाजिक सुरक्षा भत्ता वितरणमा हुनसक्ने त्रुटि तथा हिनामिना प्रति गाउँपालिका सजक रहनुपर्दछ ।

७१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाँउपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्थाअनुसार जिल्लाका गाँउपालिकाले स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नवीकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन ।

७२. सम्बन्धित वडा कार्यालयमार्फत प्रथम किस्ता, दोश्रो किस्ता र तेश्रो किस्ता क्रमशः असोज १ गतेबाट दोश्रो हप्ताभित्र, माघ १ गतेबाट दोश्रो हप्ताभित्र र जेठ १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने कार्यविधिले निर्देश गरेतापनि सो अनुरुप समयमै भत्ता वितरण गरेको पाइएन । समयमै वितरण गर्ने गरी व्यवस्थापन गर्नुपर्दछ ।

७३. **<u>स्थानीय तहका पदाधिकारी सुविधा</u> :–** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुनबमोजिम हुने व्यवस्थाअनुसार प्रदेश नं. १ को प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाउँपालिकाले रु. ४४,७३,१५०।०० पदाधिकारी सुविधाबापत भुक्तानी गरेको छ ।

७४. **<u>वन पैदावार</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सोसम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ ।

७५. **<u>अनुगमन तथा मूल्याङ्कन</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजु रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
२,७२,१८,५४२/५६	१,५१,५८,३५७/-	१,२०,६०,१८५/५६

७६. **<u>अद्यावधिक बेरुजु स्थिति</u> :–** कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)	यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)	यो वर्षको कायम बेरुजु रु. (E)	बाँकी (F= C+D+E)
१,२०,६०,१८५/५६	-	१,०७,०४,४९२/७१	२,२७,६४,६७८/२७

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु रकम असुल फछ्र्यौट गरिनुपर्दछ ।

Scanned with CamScanner

अनुसूची- १

कुम्मायक गाउँपालिकाको बेरुजू वर्गीकरण
२०७५।७६

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	पाँचथर	कुम्मायक गाउँपालिका	६९	२३	१,२२,८०	-	६	१५,७५	६९	१७	१,०७,०५	४,२३	८४,५९	१८,२३	-	-	१,०२,८२	-	-	-

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	कुम्मायक गाउँपालिका	पाँचथर	२,३९,२१	११,५८,३१	१३,१०,८७	५,१२,६०	२९,८१,७८	१७,६५,५९	१२,८०,२८	१,०२,३३	३१,४८,२०	७२,७९

अनुसूची- ३

अध्यावधिक बेरुजु स्थिति
२०७५।७६

(रु.हजारमा)

सि. नं.	स्थानीय तह	जिल्ला	गत वर्षको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं प. बाट कायम भएको बेरुजु	यो वर्षको बेरुजु	कुल बाँकी बेरुजु
१.	कुम्मायक गाउँपालिका	पाँचथर	२,७२,१८	१,५१,५८	१,२०,६०	-	१,०७,०५	२,२७,६५

Scanned with CamScanner